गोरखा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः ५ मितिः २०७७/८/२५

## भाग-२

गोरखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## कृषि कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मितिः- २०७७/०८/२३

प्रस्तावनाः

गोरखा नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगर सभाले स्वीकृत गरेको "नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन २०७४"को दफा ३६ बमोजिम कृषि कार्यक्रम सञ्चालनको लागि स्थानिय तहमा सञ्चालन हुने कृषि कार्यक्रमको कार्यविधि र नर्मस् नभएको साथै दैनिक रुपमा कृषि कार्यक्रम सञ्चालनमा कठिनाई परेको अवस्थामा गोरखा नरपालिकाको कृषि कार्यक्रम सञ्चलानलाइ पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाइ स्थानिय सरकार नगर कार्यपालिका बैठकबाट स्वीकृत गराउन वान्छनीय भएकोलेकृषि कार्यक्रम सञ्चालन कार्यन्वयन कार्यविधि, २०७७ स्वीकृत गरि लागु गरिएको छ |

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नामकृषि कार्यक्रम सञ्चालन कार्यन्वयन कार्यविधि, २०७७रहेको छ ।

(क) यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क)“नगरपालिका” भन्नालेगोरखा नगरपालिका भन्ने वुझ्नु पर्दछ ।

(ख)“नगर कृषि कार्यक्रम ” भन्नाले गोरखा नगरपालिकाको सम्पूर्ण कृषि कार्यक्रम भन्ने वुझ्नु पर्दछ ।

(ग) “कृषि विकास शाखा” भन्नाले गोरखा नगरपालिकाको कृषि विकास शाखा भन्ने वुझ्नु पर्दछ ।

(घ) “स्वीकृत कृषि कार्यक्रम” भन्नालेप्रत्येक आ.व. मा नगरपालिकाद्धारा कृषिमा विनियोजित कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

(ङ) “बिनियोजित बजेट” भन्नाले कृषि कार्यक्रममा सञ्चालन गर्न विनियोजन भएको रकम भन्ने बुझ्नु पर्दछ ।

(च) “कृषक समुह भन्नाले” भन्नाले गोरखा नगरपालिका भित्र कार्य गर्नको लागि नगरपालिकाको कृषि विकास शाखामा दर्ता भएको कृषक समुह भन्ने सम्झनु पर्दछ ।

(छ)“सरोकारवाला” भन्नाले कृषि उपज उत्पादक, कृषक, कृषि समूह, कृषि सहकारी, कृषि सामग्री वितरक, कृषि उपज बिक्रेता, कृषि आबद् संघ संस्था आदि लाइ बुझाउछ |

(ज)“कृषक सञ्जाल” भन्नाले नगरपालिकाबाट स्वीकृत कृषि सञ्जाल कार्यविधि अनुसार गठन भएका कृषक सञ्जाललाइ सम्झनु पर्नुछ |

(झ)“दर्ता वाला कृषि फारम” भन्नाले घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका निजि तथा सामुहिक फारम भन्ने बुझ्नु पर्नेछ ।

(ञ) “दर्ता वाला कृषि व्यवसायी ” भन्नाले गोरखा नगरपालिकाको विभिन्न वडामा दर्ता गरिएका कृषि व्यवसायी भन्ने सम्झनु पर्नुछ |

(ट) “व्यवसायिक कृषक” भन्नाले यस कार्यविधि बमोजिम तोकिएको खेती गरेको कृषकलाई सम्झनु पर्नुछ |

**३. उद्धेश्य :**

यसकार्यविधिकाउद्धेश्यदेहाय वमोजिम रहेको छ ।

- नगरपालिकाबाट स्वीकृत कृषि कार्यक्रम एकरुपताका साथ सञ्चालन गर्ने ।
- प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि व्यवसाय गर्दै आएका र गर्न चाहने कृषकहरुलाइ सल्लाह सुझाब दिने ।
- कृषि कार्यक्रमको खर्चमा एकरुपता ल्याउने ।
- कृषि विकास शाखाबाट सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सरल र सहज प्रकृयाबाट सम्पन्न गर्ने ।
-

## परिच्छेद -२

## कृषि कार्यक्रम र सञ्चालन गर्ने प्रकृया

### ४.१ रासायनिक मल ढुवानी अनुदानमा वितरण कार्यक्रम सञ्चालन प्रकृयाः

- रसायनिक मल ल्याउन इजाजत पत्र भएका सहकारी संस्थाहरुको लागि १५ दिनको सूचना प्रकाशन गर्नुपर्ने ।

- निवेदन साथ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, साल्ट ट्रेडिङ कर्पोरेशन वा कृषि सामग्री संस्थानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी
- पेश हुन आएका निवेदनहरुको उपर सहकारी संस्थाहरुको विस्तृत विवरण वडा र नगरपालिकाबाट बुझि आवश्यक परेको अवस्थामा फिल्ड निरिक्षण गरी कृषि विकास समितिबाट छनौट गर्ने ।
- सहकारी छनौट भइ सकेपछि उक्त नामावली सूचना पाटिमा टाँस गर्नु पर्नेछ ।
- यसरी छनौट भइ सकेपछी कार्यालयले सम्झौता गरी मल ढुवानी गर्न अनुमती दिनेछ ।
- वडाको माग अनुसार कार्यलयलाइ कप्पनीले उपलब्ध गराए बमोजिमको मलखाद नगरपालिकाले उपलब्ध गराउनेछ ।

**४.२ मकैको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम सञ्चालन प्रकृयाः**

- कृषकहरुको लागि १५ दिनको सूचना प्रकाशन गर्ने ।
- निवेदन साथ नागरिकताको प्रतिलिपि र सम्भव भए सम्मखेती गर्ने जग्गाको लालपूर्जा माग गर्ने ।
- वडा मार्फत पेश आएका निवेदनहरुको उपर कृषि विकास समितिबाट छनौट गर्ने ।
- वडाको माग अनुसार बार्षिक कार्यक्रमबाट पुग्ने अवस्थामा कुल मूल्यको ५० प्रतिशत कृषकबाट रकम उठाई मकैको उन्नत जातको मकै वितरण गर्ने ।

**४.३ धानको उन्नत बीउ ५० प्रतिशत अनुदानमा वितरण कार्यक्रम सञ्चालन प्रकृयाः**

- कृषकहरुको लागि १५ दिनको सूचना प्रकाशन गर्ने ।
- निवेदन साथ नागरिकताको प्रतिलिपि र सम्भव भए सम्म खेती गर्ने जग्गाको लालपूर्जा माग गर्ने ।
- वडा मार्फत पेश आएका निवेदनहरुको उपर कृषि विकास समितिबाट छनौट गर्ने ।
- वडाको माग अनुसार बार्षिक कार्यक्रमबाट पुग्ने अवस्थामा कुल मूल्यको ५० प्रतिशत कृषकबाट रकम उठाई धानको उन्नत जातको धान वितरण गर्ने ।

**४.४रैथाने बाली प्रबर्द्धन कार्यक्रम सञ्चालन प्रकृयाः**

- बेसार वा अदुवा खेती गर्ने कृषकको लागि १५ दिनको सूचना प्रकाशन गर्ने ।
- निवेदन साथ खेती गर्ने जग्गाको लालपूर्जा वा जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।
- वडा मार्फत पेश आएका निवेदनहरुको उपर कृषि विकास समितिबाट छनौट गर्ने ।
- वडाको माग अनुसार बार्षिक कार्यक्रमबाट बीउ बिजन ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउने ।

**४.५ संकलन केन्द्र निर्माण र व्यवस्थापनकार्यक्रम सञ्चालन प्रकृयाः**

- कृषि विकास समितिबाट प्रत्येक वडाको कृषिगत खेतीको अनुगमन गरी पेश भएको रिपोर्टको आधारमा संकलन केन्द्र निर्माण गर्ने ।

**४.६ उत्पादन भएको सामाग्री ढुवानी कार्यक्रम सञ्चालन प्रकृयाः**

तरकारी उत्पादन गर्ने कृषक र कृषक समूह सहकारीहरुको लागि कृषि विकास समितिको निर्णय बमोजिमको सूचना प्रकाशन गर्ने ।

- कृषकहरुले उत्पादन गरेका कृषि जन्य उत्पादनहरु एक ठाउमा संकलन गरे पश्चात (कम्तिमा ५ जना कृषकको उत्पादन हुनु पर्ने र एक जिप भरी उत्पादित सामग्री हुनु पर्नेछ) उक्त सामग्रीको अनुगमन पश्चात अनुमति लिइ बजार सम्म गोरखा, पोखरा, दमौली, चितवन आदि ठाउँमा बिक्रिको लागि बजार सम्म पुर्याए बापतको सरकारी दररेट बमोजिमको ढुवानी खर्च बार्षिक बजेटले भ्याए सम्म मात्र उपलब्ध गराउने ।

**४.७कृषक वर्गिकरण र परिचयपत्र वितरण कार्यक्रम सञ्चालन प्रकृयाः**

- कृषि विकास समितिबाट कृषक वर्गिकरण र परिचय पत्रको ढाँचा तयार पार्ने र सोहि अनुरुप सम्बन्धित वडाहरुमा गई कृषकहरुलाइ परिचय पत्र वितरण गर्ने ।
- कृषकहरुको विवरण तयार गरी आर्थिक बर्षको मसान्त सम्म कृषि तथ्यांक पुस्तिका प्रकाशन गर्ने ।

**४.८ प्लाष्टिक घर बनाउने कृषकहरुलाई प्लाष्टिक घरमा अनुदानकार्यक्रम सञ्चालन प्रकृयाः**

- प्लाष्टिक घर बनाई तरकारी खेती गर्न चाहने कृषकहरुका लागि १५ दिनको सूचना प्रकाशन गर्ने ।
- निवेदन पेश गर्नु पूर्व कृषकहरुले खेती गर्नको लागि कम्तिमा एउटा प्लाष्टिक घर बनाएको हुनु पर्नेछ ।
- निवेदन पेश गर्दा कार्यक्रममा छनौट भएमा कम्तिमा ४ वटा प्लाष्टिक घर बनाउने प्रतिबद्दता पत्र पेश गर्नु पर्नेछ । सो भन्दा कम प्लाष्टिक घर बनाउनेलाइ छनौट गर्न कृषि विकास समिति बाध्य हुने छैन ।

  निवेदन साथ निम्न कागजात पेश गर्नु पर्नेछः-

  १.नेपाली नागरिकताको प्रतिलिपि

  २.घरेलुमा/नगरपालिकामाव्यक्तिगत फर्म दर्ताको प्रतिलिपि करचुक्ता, पानमा दर्ता प्रमाणपत्रको प्रतिलिपि

  ३. खेती गर्ने जग्गाको लालपूर्जा वा खेती गर्न कम्तिमा ५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।

  ४.सम्बन्धित वडाको सिफारिस पत्र ।
- बैदेशिक रोजगारबाट फर्किएको युवालाई बिशेष प्राथमिकता दिइनेछ ।
- खेति गर्ने कम्तिमा ५० बर्ष ननाघेको सिमान्तकृत महिलालाई विशेष प्राथमिकता दिईनेछ ।
- पेश भएका निवेदनका आधारमा कृषि विकास समितिले फिल्ड अनुगमन गरी उचित मापदण्ड बनाई छनौट गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**४.९ बाँझो रहेको जग्गामा व्यावसायिक नगदेबाली, तरकारी, फलफूल खेती ,मौरी पालन गर्नेको लागि मल, बीउ, बिषादि, औजार उपकरण, सिंचाई सामग्री ७५ प्रतिशत अनुदानमा वितरण कार्यक्रम सञ्चालन प्रकृयाः** खेति नगरी बाँझो रहेको जग्गामा खेति गर्न चाहने कृषक/कृषक समूह/कृषक सहकारीहरुको लागि १५ दिनको सूचना प्रकाशित गर्ने ।

| प्रकृया | कार्यक्रम | | | | कैफियत |
|---|---|---|---|---|---|
| | नगदेबाली | तरकारीबाली | फलफूलबाली | मौरी पालन/च्याउ खेती | |
| मापदण्ड | ➢ आलु, प्याज, अदुवा आदि बाली बाँझो जग्गामा खेती गर्न ईच्छुक ।<br>➢ कम्तिमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने ।<br>➢ बैदेशिक रोजगारबाट फर्किएको व्यक्तिलाइ प्राथमिकता दिइनेछ । | ➢ सबै किसिमका तरकारी बाली बाँझो जग्गामा खेती गर्न ईच्छुक ।<br>➢ कम्तिमा ५ रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने ।<br>➢ बैदेशिक रोजगारबाट फर्किएको व्यक्तिलाइ प्राथमिकता दिइनेछ । | ➢ सबै किसिमका फलफूल बाली बाँझो जग्गामा प्राविधिक रुपमा तोकिएको कम्तिमा ५० वटा विरुवा लगाउन ईच्छुक हुनु पर्ने ।<br>➢ बैदेशिक रोजगारबाट फर्किएको व्यक्तिलाइ प्राथमिकता दिइनेछ । | ➢ मौरी पालन कम्तिमा १० घारमा पालन गर्न ईच्छुक हुनु पर्ने ।<br>➢ च्याउ खेती कम्तिमा ५ वडा डुमहाउसमा/काठको मुडामा भए १५० मुडामा खेती गर्न ईच्छुक भएको हुनुपर्ने ।<br>➢ बैदेशिकरोजगारबाटफर्किएकोव्यक्तिलाइप्राथमिकता दिइनेछ । | |
| संख्या/परिमाण | कृषि विकास समितिको निर्णय अनुसार | | | | |
| बजेट | कृषि विकास समितिको निर्णय अनुसार | | | | |
| आवश्यक कागजात | १.नेपालीनागरिकताकोप्रतिलिपि<br>२.घरेलुमाव्यक्तिगतफर्मदर्ताको प्रतिलिपि, करचुक्ता, पानमादर्ताप्रमाणपत्रकोप्रतिलिपि<br>३. खेती गर्ने जग्गाको लालपूर्जा वा खेती गर्न कम्तिमा ५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।<br>४. सम्बन्धित वडाको सिफारिस पत्र । | १.नेपालीनागरिकताकोप्रतिलिपि<br>२.घरेलुमाव्यक्तिगतफर्मदर्ताको प्रतिलिपि, करचुक्ता, पानमादर्ताप्रमाणपत्रकोप्रतिलिपि<br>३. खेती गर्ने जग्गाको लालपूर्जा वा खेती गर्न कम्तिमा ५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।<br>४. सम्बन्धित वडाको सिफारिस पत्र । | १.नेपालीनागरिकताकोप्रतिलिपि<br>२.घरेलुमाव्यक्तिगतफर्मदर्ताको प्रतिलिपि, करचुक्ता, पानमादर्ताप्रमाणपत्रकोप्रतिलिपि<br>३. खेती गर्ने जग्गाको लालपूर्जा वा खेती गर्न कम्तिमा ५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।<br>४. सम्बन्धित वडाको सिफारिस पत्र । | १.नेपाली नागरिकताको प्रतिलिपि<br>२.घरेलुमा व्यक्तिगत फर्म दर्ताको प्रतिलिपि, करचुक्ता, पानमा दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>३. खेती गर्ने जग्गाको लालपूर्जा वा खेती गर्न कम्तिमा १५ बर्षको लागि जग्गा भाडामा लिएको सम्झौता पत्र माग गर्ने ।<br>४. सम्बन्धित वडाको सिफारिस पत्र । | |

- पेश भएका निवेदनका आधारमा कृषि विकास समितिले उचित मापदण्ड बनाई फिल्ड अनुगमन गरी छनौट गरी नगरपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**४.१०आकस्मिक कृषि सेवा टेवाकार्यक्रम सञ्चालन प्रकृयाः**

- नगर क्षेत्रमा समय समयमा भैपरि आउन सक्ने रोक किरा र बिपद्को लागि खर्च गर्न सकिने ।

**५. अन्यः** कृषि सम्बन्धी अन्य कार्यक्रम कृषि विकास शाखाको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम हुनेछ । आवश्यक परेमा कृषि विकास समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद-३
## कृषि कार्यक्रम छनौट तथा अनुगमन समिति

**६.कृषि कार्यक्रम छनौट तथा अनुगमन समितिः**यस नगरपालिकाबाट सञ्चालन गरिने कृषि सम्बन्धी कार्यक्रमको छनौट तथा अनुगमन गर्न देहाय बमोजिमको एक कृषि विकास समिति रहने छ ।

क) नगर प्रमुख — संयोजक
ख) नगर उप प्रमुख — सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
घ) कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना — सदस्य
ङ) कृषि शाखा प्रमुख — सदस्य सचिव

**कृषि विकास समितिको काम, कर्तव्य र अधिकारः**

क) नगरपालिकाको कृषि विकास सम्बन्धी भावी योजना तर्जुमा गर्ने ।
ख) नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने सम्पूर्ण कृषि कार्यक्रमहरुको छनौटएंवम् आवश्यक समन्वय गर्ने ।
ग) नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने सम्पूर्ण कृषि कार्यक्रमहरुको अनुगमन गर्ने ।
घ) कृषि कार्यक्रमहरु सञ्चालन गर्दा आइपर्ने समस्याहरु समाधान गर्न आवश्यक निर्णय गर्ने ।
ङ) नगरपालिका अन्तर्गत रहेका कृषक, कृषक समूह, फर्म, कृषक सहकारी तथा अन्य निकाय सँग समन्वय गरी समग्र कृषिको विकास गर्ने ।
च) कृषि कार्यक्रमको लागि माथिल्लो निकायमा आवश्यक पहल गर्ने ।
छ) सञ्चालित कृषि कार्यक्रमहरुको अनुगमन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

## परिच्छेद ४

## खर्च सम्बन्धी मापदण्ड

**७.खर्च सम्बन्धी मापदण्डः**कृषि कार्यक्रम सञ्चालनको लागि खर्चको मापदण्ड संघीय खर्चको मापदण्ड, प्रदेश खर्चको मापदण्ड र विभिन्न कृषि सम्बन्धी खर्चको नम्स र मापदण्ड बमोजिम खर्च गर्न सकिने छ ।

## परिच्छेद ५

## संशोधन तथा परिमार्जन

**८.संशोधन तथा परिमार्जनः**यस कार्यविधिलाइ व्यवस्थित बनाउन आवश्यकता अनुसार नगर कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद ५
## खारेजी तथा बचाउ

**८.खारेजी तथा बचाउः**यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले,

दिनेशराज पन्त

प्रमुख प्रशासकीय अधिकृत